# Soaltee Hotel Limited

★ ★ ★ ★ ★

## आर्थिक वर्ष २०८१/८२ को दोश्रो त्रैमासिक अवधिको प्रतिवेदन

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) सँग सम्बन्धित**

**अनुसूची – १४**

**सोल्टी होटल लिमिटेडको २०८१ पौष मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१/८२ को दोश्रो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदन :**

**१. वित्तीय विवरण**

**कम्पनीको हिसाब किताव इश्वी सम्बत् (अंग्रेजी महिना) अनुसार लेखांकन गरिने भएको हुंदा कम्पनीका आर्थिक विवरणहरुको हकमा आर्थिक वर्ष २०८१/८२ (२०२४/२५) को १६ जुलाई २०२४ देखि ३१ डिसेम्बर २०२४ सम्मको अवधिका आर्थिक विवरण प्रस्तुत गरिएको छ।**

**(क) आर्थिक वर्ष २०८१/८२ को दोश्रो त्रैमासिक अवधिको वासलात, र नाफा नोक्सान सम्बन्धी विवरण :–**

कम्पनीको आर्थिक वर्ष २०८१/८२ को ३१ डिसेम्बर २०२४ (१६ जुलाई २०२४ देखि ३१ डिसेम्बर २०२४ सम्म) मा समाप्त दोस्रो त्रैमासिक अवधिको वैधानिक लेखापरिक्षण हुनुपूर्वका (अन्तिम लेखापरीक्षण हुन बांकी) तुलनात्मक वित्तीय विवरणहरु अनुसूची १ मा प्रस्तुत गरिएको छ।

दोश्रो त्रैमासिक समीक्षा अवधिमा सम्वन्धित पक्षहरु बीच होटेलको नियमित व्यावसायिक कारोबार बाहेक अन्य कुनै कारोबार नभएको।

(ख) आर्थिक वर्ष २०८१/८२ को दोश्रो त्रैमासिक अवधि, (३१ डिसेम्बर २०२४) मा समाप्त भएको अवधिको (लेखापरीक्षण नभएको) प्रमुख वित्तीय अनुपातहरु :–

| विवरण | दोश्रो त्रैमासिक अवधिको अन्त्यमा (३१ डिसेम्बर २०२४) (लेखापरीक्षण नभएको) | अघिल्लो त्रैमासिक अवधिको अन्त्यमा (३० सेप्टेम्बर २०२४) (लेखापरीक्षण नभएको) | गत वर्षको दोश्रो त्रैमासिक अवधिको अन्त्यमा (३१ डिसेम्बर २०२३) (लेखापरीक्षण नभएको) |
|---|---|---|---|
| **प्रमुख वित्तीय सूचांकहरु:** | | | |
| ऋण पूंजिको अनुपात | ०.०१ | ०.०१ | ०.०१ |
| शेयरधनीको शेयर पूंजी कोषको प्रतिफल | ०.१२ | ०.०५ | ०.११ |
| प्रति शेयर आम्दानी (रु.) | ३.२५ | १.३० | २.९७ |
| प्रति शेयर नेटवर्थ (रु.) | २६.०४ | २६.७२ | २६.७८ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु.) | ३५.२९ | ३४.२१ | ३४.४३ |
| प्रति शेयर बजार मूल्य (रु १० प्रति शेयर) (रु.) | ४८०.३० | ५४१.०० | ४७८.०० |
| प्राईस अर्निंग रेसियो (टाईम्स) | १४७.८७ | ४१४.९५ | १६०.७२ |
| चालु अनुपात | १.०३ | १.०८ | १.४१ |

**२. व्यवस्थापकीय विश्लेषण**

(क) आर्थिक वर्ष २०८१/८२ को दोश्रो त्रैमासिकको समीक्षा अवधि २०८१ कार्तिक, मंसिर, तथा पौष तीन महिना होटेलको पर्यटकीय व्यावसायीक गतिविधि तथा क्रियाकलापहरुमा महत्वपूर्ण रुपमा अभिवृद्धि हुँदै गएको छ। नेपालमा अन्तर्राष्ट्रिय पर्यटक आगमनको संख्यामा महत्वपूर्ण अभिवृद्धि भएको पर्यटक आगमनको तथ्यांकले देखाएको छ। आर्थिक वर्ष २०८१/८२ को दोश्रो त्रैमासिक अवधिको अन्त्य सम्म नेपालमा विदेशी पर्यटक आगमन नेपाल पर्यटन वोर्डको पहिलो ६ महिनाको तथ्यांक अनुसार हवाईमार्गवाट मात्रै लगभग ६ लाख ४४ हजार पाँच सय ४२ विदेशी पर्यटकहरुले नेपाल भ्रमण गरेका छन्। नेपाल भ्रमणमा आउने पर्यटकहरु मध्ये भारतीय पर्यटकहरुको पहिलो स्थान रहेको छ भने चिनियाँ पर्यटकहरुको संख्यामा पनि उल्लेख्य अभिवृद्धि हुँदै गएको तथ्यांक छ। संयुक्त राष्ट्र संघ विश्व पर्यटन संगठनको नवीनतम् जनवरी २०२५ मा प्रकाशित प्रतिवेदन विश्व पर्यटन ब्यारोमिटरले अन्तर्राष्ट्रिय पर्यटन आगमन पूर्व-महामारीको अवस्थामा लगभग फर्किसकेको जनाएको छ। महामारी पछि पर्यटन प्रतिको उच्च माग, ठूला स्रोत बजारहरूको मजबुत प्रदर्शन, र एसिया-प्यासिफिक क्षेत्रको पुनरुत्थानले पर्यटन सुधारमा मुख्य भूमिका खेलेका छन्। विश्वमा अन्तर्राष्ट्रिय पर्यटन यात्राको लागि पर्यटन गन्तव्य स्थलहरुको ठुलो माग रहेको परिप्रेक्षमा ठूला अर्थतन्त्र भएका मुलुकहरुबाट विश्वका अन्य आकर्षक पर्यटन गन्तव्यहरूमा पर्यटनका पर्यटक अतिथी यात्रामा निस्कने प्रवृत्ति उत्कर्षमा पुगेको छ। आगामी समयमा विशेष गरी एशिया र प्रशान्त क्षेत्रका पर्यटक गन्तव्य बजारहरूमा पर्यटनको मागमा तिव्र अभिवृद्धि हुने अपेक्षा गरिएको छ।

नेपाल भ्रमणमा आउने विदेशी पर्यटकहरु मध्ये भारतीय पर्यटकहरुको पहिलो स्थान, संयुक्त राज्य अमेरिकाका पर्यटकहरुको दोश्रो स्थान र चिनियाँ पर्यटकहरुको तेश्रो स्थान रहेको तथ्यांकले देखाएको छ। अन्तर्राष्ट्रिय पर्यटनमा भएको बृहत्तर सुधारको परिप्रेक्षमा नेपालको पर्यटन पनि सोही अनुरुप अभिवृद्धि भई सन् २०२५ को अन्त्य सम्ममा कोभिड महामारी पुर्वको अवस्थामा फर्किने अपेक्षा गरिएकोछ।

कम्पनीको होटेल तथा अन्तर्राष्ट्रिय एयरलाइन्सहरुका उडानहरुमा इन्फ्लाइट क्याटरिङ सेवा प्रदान गर्ने दी सोल्टी गेट गुरमेटको व्यावसायीक गतिविधिहरुबाट प्राप्त कुल आम्दानी अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा कार्यसम्पादनमा अभिवृद्धि भएको छ।

(ख) आर्थिक वर्ष २०८१/८२ को दोश्रो त्रैमासिक समीक्षा अवधिको अन्त्य अर्थात ३१ डिसेम्बर २०२४ सम्मका लेखापरीक्षण नभएका अपरिष्कृत आर्थिक (वित्तीय) विवरणहरु अनुसार अघिल्लो आर्थिक वर्ष २०८०/८१ को सोही अवधि अर्थात ३१ डिसेम्बर २०२३ संग तुलनात्मक रुपले विश्लेषण गर्दा कम्पनीको कुल आय आर्जनमा लगभग १६ प्रतिशतको अभिवृद्धि भएको छ। चालु आर्थिक वर्ष २०८१/८२ को समीक्षा दोश्रो त्रैमासिक अवधि (१६ जुलाई २०२४ देखि ३१ डिसेम्बर २०२४) सम्मका लेखापरीक्षण नभएका अपरिष्कृत आर्थिक (वित्तीय) विवरणहरुको कार्यसम्पादनका सूचांकहरुलाई विश्लेषण गर्दा होटेलका कार्यसम्पादनका तथ्यांकहरुले अभिवृद्धिका साथ सन्तोषजनक प्रगती औल्याएको छ।

समीक्षा दोश्रो त्रैमासिक अवधिमा कम्पनीको कार्यसम्पादन, होटेल संचालन तथा व्यावस्थापन सम्बन्धी गतिविधिहरु कुशलतापूर्वक, व्यावसायीक रणनीतिक कार्ययोजना अनुसार संचालित र व्यावस्थापित रहे। कम्पनीको व्यावस्थापनले जस्तोसुकै प्रतिकुल परिस्थितिमा पनि सुदृढताका साथ कार्यकुशलता तथा व्यावस्थापकीय कौशल्यता प्रदर्शन गर्ने, व्यावस्थापकीय कार्यसम्पादनमा निपुर्णता, व्यवसायीक कार्यदक्षता तथा सुझबुझका साथ कार्यक्षमता प्रदर्शन गर्ने सवल व्यावस्थापनको कार्यदिशा र व्यवसायिक कुशल कर्पोरेट संस्कार निरन्तर जारी रह्यो। कम्पनीको उच्च व्यावस्थापन, सम्पूर्ण कर्मचारीहरुको पूर्ण सहयोग, समर्थन र व्यावसायीक परिपक्वता प्रदर्शन कायमै रह्यो।

समीक्षा त्रैमासिक अवधिमा कम्पनीका व्यावसायिक खर्चहरुमा पूर्णतः मितव्ययीता अपनाईयो। अनावश्यक तथा तत्कालका लागि आवश्यक नभएका व्यावसायिक खर्चहरुमा कटौति गर्ने, शसक्त आन्तरिक तथा विश्व बजार व्यावस्थापन, सुदृढ उच्च व्यावस्थापन तथा होटल व्यावस्थापनका सवै आयामहरुलाई चुस्त तथा दुरुस्त पारिएको छ तथा यो कार्य तथा प्रयास निरन्तर जारी रहनेछ। कम्पनीले होटेल व्यावस्थापनका लागि आवश्यक सवै व्यावसायीक तथा रणनीतिक कार्यहरुलाई आगामी दिनहरुमा पनि निरन्तरता दिनेछ।

(ग) कम्पनीको व्यवस्थापकीय कार्यकुशलता तथा प्रतिकुल परिस्थितिमा काम गर्न सक्ने कार्यकौशलता रणनीतिक कार्यक्षमता र व्यावस्थापकीय सुझबुझका साथ व्यावसायीक कार्यसम्पादन गर्ने कार्यदक्षताका कारण कम्पनीको मौज्दात, कार्यशील पूंजी र तरलताको अवस्था राम्रो अवस्थामा रहेका छन्।

(घ) चालु आर्थिक वर्ष २०८१/८२ को आगामी तेश्रो त्रैमासिक अवधिमा कम्पनीको व्यावसायिक गतिविधिहरुको सन्दर्भमा विश्व पर्यटनका गतिविधिहरुमा समेत उल्लेख्य रुपमा अभिवृद्धि भई विश्वको अन्तर्राष्ट्रिय पर्यटक आवागमनमा महत्वपूर्ण अभिवृद्धि भईरहेको तथा विश्वका अन्तर्राष्ट्रिय वायुसेवा प्रदायक एयरलाइन्सहरुका अन्तर्राष्ट्रिय व्यावसायीक उडानहरु नियमित रुपमा संचालित रहेको परिप्रेक्ष्यमा नेपालको पर्यटन बजार पनि लाभान्वित हुने अपेक्षा गरिएको छ।

आर्थिक वर्ष २०८१/८२ को आगामी तेश्रो त्रैमासिक अवधिमा कम्पनीको व्यावसायिक गतिविधिहरुमा कम्पनीले कुल आय वृद्धि गर्नका लागि अपनाउनु पर्ने सवै व्यावसायीक रणनीतिक संयन्त्रहरुको समुचित सदुपयोग गर्दै होटेलको अक्यूपेन्सी बढाउने, उपलब्ध अत्याधुनिक प्रविधिका साधनहरुको प्रयोग लगायतका सवै उपायहरु अवलम्वन गरी आम्दानी अभिवृद्धि गर्नेछ भने होटेल संचालन लागतमा मितव्ययीता, नियन्त्रणात्मक कार्य योजना अनावश्यक खर्च कटौतिलाई जारी राख्दै विविध बजारखण्डमा बजारिकरण निर्धारित रणनीति अनुसार सूक्ष्म प्रवेश गर्दै आफ्ना व्यावसायिक गतिविधिहरु कुशलतापूर्वक संचालन गर्ने नीति जारी राख्नेछ।

(ङ) समीक्षा अवधिमा सवै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई सेवा प्रदायक एयरलाइन्सहरुका अन्तर्राष्ट्रिय हवाई उडानका गतिविधिहरु नियमित रुपमा संचालनमा रहेकाले होटेलमा पर्यटक आगमनको अवस्था संतोषजनक रहयो। प्रीतीभोज तथा विवाह समारोहहरु (वैंक्वेट) खण्डका गतिविधिहरु निरन्तर आयोजित भए। आगामी त्रैमासिक अवधिमा पनि सोही अनुसार पर्यटन वजार विस्तार तथा विश्व पर्यटन बजारका विभिन्न खण्डहरुमा होटेलको पहुच सुनिश्चित गर्दै होटेलका व्यावसायीक गतिविधिहरु जारी रहनेछन्।

कम्पनीले समिक्षा दोश्रो त्रैमासिक अवधिमा व्यावस्थापकीय कार्यकुशलता सहित अधिकतम मितव्ययिता अपनाउदै व्यावसायमा आईपर्ने र कुनै पनि प्रतिकुल परिस्थितिहरुबाट पर्नसक्ने प्रभावलाई अधिकतम रुपमा न्यूनीकरण गर्दै कुशल व्यावस्थापकीय रणनीतिका साथ व्यवसायको सुक्ष्म व्यावस्थापनमा होटेल संचालन तथा व्यावस्थापन गर्ने नीतिलाई कठोरताका साथ पालना गरेको छ।

साथै, आगामी त्रैमासिक अवधिमा पनि वर्तमानमा अंगीकार गरेको स्थापित व्यावसायीक नीति तथा रणनीतिहरुलाई कायम राख्दै सापेक्षरुपमा आगामी त्रैमासिक अवधिको होटेलको आम्दानी अभिवृद्धि गर्ने, खर्चहरुमा अपेक्षित मितव्ययीता अपनाउने जस्ता नियन्त्रणात्मक रुपमा व्यावसायीक गतिविधिहरु कडाई तथा दृढताका साथ लागू गर्दै शसक्त व्यावस्थापकीय कार्यकुशलता तथा कार्यदक्षताका साथ कम्पनीको व्यावसायिक क्रियाकलापहरु संचालन तथा व्यावस्थपनमा पूर्णतः ध्यान केन्द्रित गर्नेछ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण**

(क) आर्थिक वर्ष २०८१/८२ को दोश्रो त्रैमासिक अवधिमा कम्पनीले कुनै मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

(ख) आर्थिक वर्ष २०८१/८२ को दोश्रो त्रैमासिक अवधिमा कम्पनीका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

(ग) आर्थिक वर्ष २०८१/८२ को दोश्रो त्रैमासिक अवधिमा कम्पनीलाई कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**

(क) शेयरको कारोबारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादित गरेको मुल्य र मान्यता अनुरुप निर्देशित हुने गरेको छ। शेयरको कारोबार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ।

(ख) कम्पनीको आर्थिक वर्ष २०८१/८२ को पौष मसान्त २०८१ मा अन्त्य भएको दोश्रो त्रैमासिक अवधिमा प्रति शेयर रु. १० का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या देहाय वमोजिम रहेको छः–

| त्रैमासिक आ.व. २०८१/८२ (२०२४/२५) | शेयरको कारोबार – मूल्य (रु.) | | | कुल शेयरको कारोबार – दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार भएको कूल दिन | कारोबार संख्या | कुल कारोबार शेयर संख्या |
| दोश्रो त्रैमासिक (२०८१ पौष मसान्त) | ५८८.०० | ४५५.०० | ४८०.३० | ५५ | १३,७२० | ३,५६१,४१२ |

**५. समस्या तथा चुनौती**

(क) समस्या तथा चुनौतीहरु:

आन्तरिक

(१) यस कम्पनीमा आन्तरिक समस्या नरहेको ।

वाहृय:

(१) विश्वव्यापी रुपमा फैलिने स्वास्थ्य सम्वन्धी संक्रामक रोगहरु (भाईरस) बाट पर्ने व्यावसायीक प्रतिकुलताहरु ।

(२) अप्रत्याशितरुपमा घट्ने पर्यटन प्रतिकूलताका राष्ट्रिय र अन्तर्राष्ट्रिय घटनाहरुको प्रभाव ।

(३) देशमा पर्यटन सम्वन्धी पर्याप्त भौतिक पूर्वाधारहरुको विकासको कमीबाट पर्ने नकारात्मक प्रभाव ।

(४) पर्यटकहरुको सुरक्षा, देशको आर्थिक र राजनैतिक अवस्था तथा सम्वन्धित बजार मुलुकहरुबाट जारी गरिने यात्रा प्रतिकूलता सम्वन्धी निर्देशनहरुबाट पर्ने प्रभावहरु ।

(५) विदेशी विनिमय दर (अमेरिकी डलर र यूरो) मा हुने अप्रत्याशित परिवर्तन ।

(६) उर्जा, विद्युत, इन्धन तथा तत्सम्वन्धी औद्योगिक पदार्थमा हुने अप्रत्याशित उच्च मूल्य वृद्धि तथा उपभोग्य पदार्थको मूल्यवृद्धि र श्रम समस्याहरुबाट पर्ने प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरु ।

(७) नयाँ होटेलहरुको संचालन पश्चात देखापरेको र पर्न सक्ने बढ्दो होटेल कोठा आपूर्ति तथा पर्यटन बजारको मागमा आएको उच्च असन्तुलनबाट व्यवसायमा पर्न सक्ने प्रभाव ।

(८) पर्यटन उद्योगमा देखापर्ने औद्योगिक अशान्ति, अप्रत्याशित रुपमा हुने बन्द हडताल, आन्तरिक पर्यटन प्रवर्द्धनको कमी तथा सर्वसुलभ पर्यटकीय सार्वजनिक यातायातको अभाव तथा अन्तर्राष्ट्रिय हवाई सिट क्षमतामा न्युनताबाट पर्ने प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरु ।

(९) देशमा अचानक आइपर्ने असहज परिस्थितहरु, प्राकृतिक तथा दैवी विपद् तथा प्रकोपहरुको प्रभाव ।

(ख) रणनीति

प्राकृतिक विपद् तथा महामारी जस्तो दैवि प्रकोपको कारण निम्तिन सक्ने अप्रत्याशित तथा अनिश्चित प्रतिकुल परिस्थितिबाट बचाउन वा रोकथामको लागि सरकारबाट जारी गरिने आवश्यक वैधानिक प्रतिबन्धात्मक उपायहरुबाट पर्यटनमा पर्ने प्रतिकुल परिस्थितिहरुमा पनि वैधानिक पूर्ण अनुपालनाहरुका साथ होटेल संचालन सम्बन्धी व्यावसायीक गतिविधीहरु संचालन गर्दै होटेलका पूर्वाधार संरचना र सुविधाहरुलाई पूर्ण क्रियाशिल राख्ने कार्यकुशलताका रणनीतिक कार्ययोजनाको तर्जुमा गर्ने ।

संचालन खर्च घटाउनको लागि अपनाउनुपर्ने सबै व्यावसायीक रणनीतिक, नीतिगत तथा व्यवसायीक कार्यकुशलतालाई पूर्ण क्षमतामा प्रयोग गर्दै कम्पनीका सबै संयन्त्रहरुको समुचित सदुपयोग गरी होटेलको संचालन तथा व्यावस्थापन न्यूनतम खर्चमा गर्ने, कर्मचारी तथा सोसंग सम्वन्धित खर्चको मितव्ययीता गर्ने लगायत अन्य अनावश्यक खर्चहरुलाई समेत कटौति गर्ने र होटेललाई प्रतिकूल परिस्थितिमा पनि अनुकूल वातावरण बनाई आय आर्जनमा अभिवृद्धि गर्ने कार्ययोजनालाई उच्च प्राथमिकता दिईएकोछ ।

**६. संस्थागत सुशासन**

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापन द्वारा चालिएका कदम सम्वन्धी विवरण

(क) कम्पनीको लेखापरीक्षण समितिले स्वतन्त्र आन्तरिक तथा बाहृय लेखा तथा व्यवस्थापकीय प्रतिवेदनहरुको त्रैमासिक पुनरावलोकन एवं समीक्षा गर्दै आवश्यक सुझाव सहित प्रतिवेदनमा उल्लेखित सिफारिशहरुको परिपालना भए नभएको अनुगमन समेत गर्दछ । लेखापरीक्षण समितिले कम्पनीको संचालक समिति समक्ष नियमित रुपमा प्रतिवेदन पेश गर्ने गर्दछ र यस सम्वन्धमा कम्पनीको संचालक समितिले समेत आवश्यक निर्देशन दिने गर्दछ ।

(ख) कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली अन्तर्गत होटेलले आन्तरिक लेखापरीक्षण गर्ने गर्दछ ।

(ग) कम्पनीको आन्तरिक लेखापरीक्षण छुट्टै स्वतन्त्र आन्तरिक लेखापरीक्षकबाट गरिन्छ जसले त्रैमासिक आन्तरिक लेखापरीक्षण प्रतिवेदन कम्पनीको लेखापरीक्षण समिति समक्ष पेश गर्ने गर्दछ ।

(घ) कम्पनीले नियमनकारी निकायद्वारा जारी गरिएका नियम, विनियम र निर्देशनहरुको पूर्ण परिपालना सहित अन्य प्रचलित ऐन तथा कानुन बमोजिम पुरा गर्नु पर्ने मापदण्डहरुको पूर्ण पालना गर्दछ ।

**७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्वन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

**कार्यकारी अध्यक्ष**

**अनुसूची १**

**SOALTEE HOTEL LIMITED**
**UNAUDITED FINANCIAL RESULTS**
**AT THE END OF 31 DECEMBER 2024, THE SECOND QUARTER OF THE FISCAL YEAR 2081/082 (2024/25)**

| PARTICULARS | UP TO THIS QUARTER ENDING ON 31 DECEMBER 2024 (UNAUDITED) | UP TO PREVIOUS QUARTER ENDING ON 30 SEPTEMBER 2024(UNAUDITED) | CORRESPONDING PREVIOUS YEAR QUARTER ENDING ON 31 DECEMBER 2023 (UNAUDITED |
|---|---|---|---|
| **STATEMENT OF FINANCIAL POSITION AS AT 31 DECEMBER 2024** | | | |
| **ASSETS** | | | |
| **Non-Current Assets** | | | |
| Property, Plant and Equipment | 2,319,176,966 | 2,235,418,735 | 1,955,377,699 |
| Intangible Assets | 42,651 | 18,173 | 269,395 |
| Investment Property | 88,674,198 | 84,889,337 | 86,373,047 |
| Investments | 281,276,188 | 281,276,188 | 275,487,563 |
| Trade and Other Receivables | 47,645,737 | 43,410,012 | 37,762,782 |
| **Total Non-Current Assets** | **2,736,815,740** | **2,645,012,445** | **2,355,270,486** |
| **Current Assets** | | | |
| Inventories | 132,572,130 | 133,368,927 | 138,016,902 |
| Trade and Other Receivables | 277,146,188 | 281,436,997 | 364,210,476 |
| Prepayments | 13,143,911 | 5,219,948 | 10,275,764 |
| Cash and Cash Equivalent | 118,309,199 | 113,360,799 | 178,523,082 |
| **Total Current Assets** | **541,171,428** | **533,386,671** | **691,026,224** |
| **Total Assets** | **3,277,987,168** | **3,178,399,116** | **3,046,296,710** |
| **EQUITY AND LIABILITIES** | | | |
| **Equity and Reserves and Surplus** | | | |
| Share Capital | 928,953,700 | 928,953,700 | 884,715,060 |
| Retained Earnings and Reserves | 1,490,267,475 | 1,553,187,154 | 1,484,814,424 |
| **Total Equity** | **2,419,221,175** | **2,482,140,854** | **2,369,529,484** |
| **Liabilities** | | | |
| **Non-Current Liabilities** | | | |
| Loans and Borrowings | 6,020,458 | 6,237,611 | 7,228,595 |
| Employee Benefits | 124,636,313 | 121,795,625 | 121,794,668 |
| Deferred Tax Liabilities | 34,169,877 | 34,169,877 | 24,328,458 |
| Trade and Other Payables | 166,633,994 | 51,360,349 | 33,926,369 |
| **Total Non-Current Liabilities** | **331,460,642** | **213,563,462** | **187,278,090** |
| **Current Liabilities** | | | |
| Loans and Borrowings | 1,308,000 | 1,360,289 | 1,308,000 |
| Employee Benefits | 76,879,826 | 37,400,739 | 113,793,484 |
| Income Tax Payable | 69,700,934 | 33,716,150 | 54,763,466 |
| Trade and Other Payables | 379,416,591 | 410,217,622 | 319,624,186 |
| **Total Current Liabilities** | **527,305,351** | **482,694,800** | **489,489,136** |
| **Total Liabilities** | **858,765,993** | **696,258,262** | **676,767,226** |
| **Total Equity and Liabilities** | **3,277,987,168** | **3,178,399,116** | **3,046,296,710** |
| **STATEMENT OF PROFIT OR LOSS FOR THE PERIOD ENDED 0N 31 DECEMBER 2024** | | | |
| Revenue | 1,219,576,406 | 514,383,325 | 1,050,823,110 |
| **Total Revenue** | **1,219,576,406** | **514,383,325** | **1,050,823,110** |
| Consumption of Food and Beverages | 212,830,420 | 87,217,744 | 178,126,107 |
| Employee Benefit Expenses | 280,810,198 | 119,469,307 | 249,863,974 |
| Operating Expenses | 149,426,469 | 73,602,703 | 126,437,524 |
| Depreciation and Amortization Expenses | 71,276,326 | 32,398,330 | 65,409,578 |
| Administrative & Other Expenses | 134,500,937 | 49,676,157 | 113,021,478 |
| **Total Expenses** | 848,844,350 | 362,364,241 | 732,858,661 |
| **Profit/(Loss) from Operation** | **370,732,056** | **152,019,084** | **317,964,449** |
| Finance Cost | 265,758 | 129,049 | 355,881 |
| **Profit/(Loss) Before Taxes** | **370,466,298** | **151,890,035** | **317,608,568** |
| Provision for Tax | 68,724,088 | 30,776,663 | 54,491,821 |
| **Net Profit/(Loss) After Tax** | **301,742,210** | **121,113,372** | **263,116,747** |

Note: The above Financial Statement presentation is subject to change at the time of Statutory Audit or changes made by the Regulatory Authority, if any.